त्रिवेणी गाउँपालिका
स्थानीय राजपत्र

खण्ड : ०१ संख्या : ०२ मिति : २०७९/१२/०१

भाग–२

त्रिवेणी गाँउपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९

कार्यपालिका बैठकबाट स्वीकृत मिति २०७९/११/३०

प्रस्तावना

त्रिवेणी गाँउपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषणमुक्त राखी समुचित प्रयोग गर्न वान्छनीय भएकोले त्रिवेणी गाँउपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "त्रिवेणी गाँउपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "जलस्रोत" भन्नाले गाँउपालिका भित्रको भु-सतहमा वा भुमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी मुहान एवं स्रोतलाई सम्झनु पर्दछ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याए सम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ।

(ग) "अनुमति-पत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्न दफा १५ बमोजिम अनुमति-पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।
(घ)"उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।
(ङ) "जलस्रोत समिति" भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनुपर्छ ।
(च)"अनुमति-पत्र" भन्नाले दफा ११ र १२ बमोजिम दिईने अनुमती-पत्र सम्झनुपर्छ ।
(छ) "सर्भेक्षण" भन्नाले जलस्रोत उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण,वातावरणीय प्रभाव मुल्यांकन,डिजाईन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनुपर्छ ।
(ज) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।
(झ)"सेवा शुल्क" भन्नाले गाँउपालिका वा अधिकार प्राप्त व्यक्तिले तोकेको जलस्रोतसंग सम्बन्धित सेवा उपभोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनुपर्छ ।
(ञ) "गाँउपालिका" भन्नाले त्रिवेणी गाँउपालिका सम्झनुपर्छ ।
(ट) "अध्यक्ष" भन्नाले गाँउपालिका प्रमुखलाई सम्झनुपर्छ ।
(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

३. जलस्रोत स्वामित्व:
गाँउपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिका निहित रहनेछ ।

४.जलस्रोत उपयोग :
(१) यस कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन :
(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,
(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,
(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानीचक्की चलाउन,
(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुँगाको प्रयोग गर्न,
(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको जलस्रोत नियमानुसार उपयोग गर्न ।
(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

५. जल उपभोक्ताको संस्थाको गठन:
(१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।
(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहनेले सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैंया दस्तुर सहित गाउँपालिका जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

६. विधानमा खुलाउनु पर्ने विवरणहरु : दफा ५ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछ ।
(क) पूरा नाम र ठेगाना,
(ख) उद्देश्य तथा कार्यक्षेत्र,
(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,
(घ) सदस्यको निष्काशन र राजिनामा,
(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,
(च) साधारण सभा सम्बन्धी,
(छ) संचालक समितिको गठन (निर्वाचन एवं काम,कर्तव्य र अधिकार)
(ज) संचालक पदमा बहाल रहन नसक्ने अवस्था,
(झ) संचालक समिति बैठक सम्बन्धी कार्यविधि,
(ञ) कोष र लेखापरीक्षण,
(ट) विधान संशोधन,
(ठ) विघटन,
(ड) विविध ।

७. दर्ता र प्रमाणपत्र :
(१) दफा ५(१) बमोजिम पर्न आएको दरखास्त उपर गाँउपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूचि २ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाँउपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।
(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिनेछन् ।

CamScanner

८. **विधान संशोधन :** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपरेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाँउपालिका जलस्रोत समितिमा पेश गर्नुपर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान स्वीकृत दिन सक्नेछ।

९. **गाँउपालिका जलस्रोत समितिको गठन:**

(१) गाँउपालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान प्रयोजनका लागि गाँउपालिका जलस्रोत समिति रहनेछ।

(२) गाँउपालिका जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन्

(क) गाँउपालिका अध्यक्ष	अध्यक्ष
(ख) जलस्रोत दर्ता गर्ने वडाको अध्यक्ष	सदस्य
(ग) गाउपालिकाको पुर्वाधार विकास शाखा प्रमुख	सदस्य
(घ) गाँउपालिकाको वन तथा वातावरण शाखा प्रमुख	सदस्य
(ङ) जिल्ला स्थित वन डिभिजन कार्यालयले तोकेको अधिकृत प्रतिनिधि वा इलाका वन कार्यालय प्रमुख	सदस्य
(च) जिल्ला स्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको प्रमुख वा प्रतिनिधी	सदस्य
(छ) गाउपालिका अध्यक्षले तोकेको एक जना गाउँ कार्यपालिकाको सदस्य	सदस्य
(ज) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(झ) खानेपानी तथा सरसफाई शाखा प्रमुख	सदस्य सचिव

१०. **जलस्रोत समितिको बैठक र कार्यविधि :**

(१) समितिको अध्यक्षले तोकेको मिति,समय र आवश्यकता अनुसार बैठक बस्नेछ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट सबैभन्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ। बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(३)बैठक संचालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **जलस्रोत उपयोगको सर्भेक्षण अनुमति-पत्रको दरखास्त दिने :**

(१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमति-पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूचि ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गाँउपालिका जलस्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलस्रोत उपयोगको सर्भेक्षण अनुमति-पत्र दिनुपर्नेछ। यसरी अनुमति-पत्र प्राप्त गरेको

व्यक्तिले सर्भेक्षणको काम समाप्त गरेको मितिले तीस दिनभित्र प्रतिवेदन गाउँपालिका जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ।

१२. **जलस्रोत उपयोग अनुमति-पत्रको लागि दरखास्त दिने:**

(१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची ५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाई गाँउपालिका जलस्रोत समिति समक्ष दरखास्त फाराम दिनु पर्नेछ।

(क) परियोजना विस्तृत विवरण, परियोजना स्थलको नक्सा, उपयोग गरिने पानीको स्रोत,परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनाको अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो संस्थाका संचालकहरुको नाम,थर र वतन समेत स्पष्ट रुपमा खुलाउनुपर्नेछ।

(ख) सम्भाव्यताको विश्लेषण -परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण।

(ग) वित्तीय व्यवस्था परियोजनाको अनुमानित वित्तीय व्यवस्था,परियोजनाको लाग(नीकर्ताहरुको आर्थिक हैसियत,परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्दता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी ऋणको प्रतिशत।

(घ) घर जग्गाको उपयोग वा प्राप्ती परियोजना निर्माण कार्यको स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत,

(ङ) वातावरणीय प्रभाव विश्लेषण परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु,परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग,परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ,निर्माण तथा संचालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम,निर्माण शिविरका लागि आवश्यक पर्ने सुविधाहरु,सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर,विस्थापित आवश्यक समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

१३. **दरखास्त उपर जाँचबुझ:**

(१) दफा १२ बमोजिम दरखास्त प्राप्त भएपछि यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नपर्ने आवश्यक कागजातहरु,विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ।

CamScanner

(२) उपदफा (१) बमोजिम जाँचबुझ दर्ता दरखास्तवालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात,विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनुपर्नेछ।

(३) दफा (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाँउपालिका जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोहि मितिलाई दरखास्त परेको मिति मानिनेछ।

१४. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने :

(१) दफा १२ बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँपालिका जलस्रोत समितिले दफा १३ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि १५ दिने सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमा सुचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसँग सम्बन्धित परियोजना निर्माण तथा संचालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएका मितिले पन्ध्र दिनभित्र गाँउपालिका जलस्रोत समिति समक्ष जोसुकैले निवेदन वा उजूरी दिन सक्नेछ।

(३) दफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाँउपालिका जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकुल असर न्युनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमति-पत्र दिदा तोकी दिईनेछ।

१५. अनुमति-पत्र दिने : दफा १२ बमोजिम दरखास्त उपर दफा १३ र १४ बमोजिम कार्यविधि पूरा गरी गराई गाँउपालिका जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूचि ६ बमोजिको ढाँचामा दरखास्तवालालाई उपयोग सम्बन्धी अनुमति-पत्र दिनु पर्नेछ।

१६. जलस्रोत माथि अधिकार कायम हुने: यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमति-पत्र प्राप्त व्यक्तिलाई अनुमति-पत्रमा उल्लेख भए बमोजिम कामको लागि सोहि अनुमति-पत्र तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

१७. नयाँ अनुमति-पत्र लिनुपर्ने :

(१) कार्यविधि प्रारम्भ हुन अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठन संस्थाको पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र गाँउपालिका जलस्रोत उपयोग अनुमति-पत्रको लागि दरखास्त दिईनेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाँउपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तलाई अनुसूचि ६ बमोजिको ढाँचामा नयाँ अनुमति-पत्र दिईनेछ।

१८. अनुमति-पत्र दस्तुर: यो कार्यविधि बमोजिमको जलस्रोत उपयोग सम्बन्धी कार्य संचालन गर्न अनुमति-पत्रको लागि दरखास्त दिदाँ अनुसूचि ७ मा तोकिए बमोजिमको अनुमति-पत्रको दस्तुर बुझाउनु पर्नेछ।

१९. अनुमति-पत्र नविकरण गर्ने :

(१) यो कार्यविधि बमोजिम जलस्रोतको सर्भेक्षण वा उपयोगको लागि अनुमति-पत्रका लागि नवीकरण गर्नुपर्नेछ।

(२) प्रत्येक अनुमति-पत्र नवीकरण गराउँदा अनुसूचि ७ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ।

२०. अनुमति-पत्र बिक्री वा हस्तान्तरण गर्न स्वीकृत लिनुपर्ने:

(१) अनुमति-पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति-पत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाँउपालिका जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाँउपलिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा रहेको अनुमति-पत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाममा बिक्रि गर्न वा अन्य कुनै प्रकारको हस्तान्तरण गर्न स्वीकृत दिन सक्नेछ।

२१. वार्षिक शुल्क : अनुमति-पत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत गाँउपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूचि ८ मा तोकिए बमोजिम हुनेछ।

२२. गाँउपालिका निर्देशन दिन सक्ने : गाँउपालिकाले जलस्रोत उपयोग सम्बन्धमा गाँउपालिका जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु गाँउपालिका जलस्रोत समितिको कर्तव्य हुनेछ।

CS CamScanner

२३. अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने: गाँउपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ।

अनुसूची - १
(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

निवेदनको ढाँचा

विषय: उभोक्ता संस्था दर्ता गरिपाउँ ।

श्रीमान अध्यक्षज्यू,
.... गाँउपालिका जलस्रोत समिति
....।

महोदय,
मैले/हामीले
....
उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियमानुसार उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ताको संस्थाको एक प्रति विधान र रु.१०००।- दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण :

१. उपभोक्ता संस्थाको नाम :

२. कार्य क्षेत्र :

३. उद्देश्यहरु:
   क)
   ख)

४. सदस्यहरुको नाम:
   पेशा
   क)
   ख)
   ग)

५. उपयोग गरिने जलस्रोतको विवरण:
   क) जलस्रोतको नाम र रहेको ठाँउ:
   ख) जलस्रोतबाट गरिने प्रयोग :
   ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोत परिणाम:
   घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः
  क) सेवाको किसिम :
  ख) सेवा पुऱ्याउने क्षेत्र :
  ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
  घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक स्रोतको विवरण :

८. कार्यालयको ठेगाना :

निवेदक
उपभोक्ता संस्थाको तर्फबाट
दरखास्त दिनेको
सही :
नाम :
पद :
ठेगाना :

अनुसूचि-२
(दफा ७ को उपदफा (१) बमोजिम)

त्रिवेणी गाँउपालिका
गाँउपालिका जलस्रोत समिति
लुहाम, सल्यान

दर्ता नंः   दर्ता मितिः

उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

श्री ....
....
.... (सम्बन्धित उपभोक्ता संस्थाको नाम..............)
लाई त्रिवेणी गाँउपालिकाको जलस्रोत समितिको बैठक संख्या .... मिति..........को निर्णय नं. ..... अनुसार यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ। गाँउपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्नु होला । संस्थाको कार्यक्षेत्र गाँउपालिकाको वडा नं. .... टोल भित्र रहनेछ।

सही :

नाम, थर :

पदः सचि

मिति :

अनुसूचि-३
(दफा ११ को उपदफा १ संग सम्बन्धित)

जलस्रोतको उपयोगको सर्भेक्षण अनुमति-पत्रको लागि दरखास्त

मिति :...............

श्रीमान अध्यक्ष ज्यू,
.... गाँउपालिका जलस्रोत समिति,
....

जलस्रोतको उपयोगको निमित्त सर्भेक्षण गर्नको लागि अनुमति-पत्र पाउन जलस्रोत दफा ११ (१) बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:

२. उद्देश्य :

३. सर्भेक्षण गर्ने क्षेत्र :

४. सर्भेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.................

(पुष्ट्याई विवरण संलग्न गर्नुपर्नेछ।

५. सर्भेक्षण गर्ने अवधि :

६. अन्य विवरणहरु (जलस्रोत नियमवली, २०५० को नियम १२ बमोजिम)

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको :

नाम र थर :

अनुसूचि -४
(दफा ११ को उपदफा ३ संग सम्बन्धित)

त्रिवेणी गाँउपालिका
गाँउपालिका जलस्रोत समिति
लुहाम, सल्यान

अनुमति-पत्र संख्या मिति:

जलस्रोतको उपयोगको सर्भेक्षण अनुमति-पत्र

श्री ....
....

महोदय,
तपाईलाई जलस्रोतको उपयोगको सर्भेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस कार्यविधि बमोजिम यो अनुमति-पत्र प्रदान गरिएको छ।

तपसिल

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगाना:
२. जलस्रोत सर्भेक्षणको उद्देश्य :
३. जलस्रोत सर्भेक्षणको क्षेत्र :
४. सर्भेक्षण गर्ने अवधि :
५. अनुमति-पत्र बहाल रहने अवधि :

अनुमति-पत्र दिने अधिकारीको
नाम थर :
सहि :
पद:

CamScanner

अनुसूचि -५
(दफा १२ को उपदफा १ संग सम्बन्धित)

जलस्रोत उपयोगको अनुमति-पत्रको लागि दरखास्त

मितिः.............

श्रीमान अध्यक्ष ज्यू ।

........................., गाउँपालिका जलस्रोतको उपयोगको निमित्त अनुमति-पत्र पाउन मुहान दर्ता तथा जलस्रोत कार्यविधि २०७९ को दफा १२ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्य :

३. उपयोग गर्न खोजेको जलस्रोतको र उपयोग परिमाण गर्ने प्रयोजन :

४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाँउ :

५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाँउको क्षेत्रफल :

६. प्रस्तावित उपयोगबाट हुन सक्ने प्रस्तावित लाभ :

७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

८. जलस्रोत उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोत :

९. जलस्रोत उपयोग गर्ने तरिका :

१०. जलस्रोतको हाल भैरहेको भविष्यमा हुन सक्ने उपयोग :

११. अन्य विवरणहरु :

माथि उल्लेखित व्यहोरा ठिक साँचो छ, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

नाम, थर :

सहिः

पद :

अनुसूचि -६
(दफा १५ संग सम्बन्धित)

त्रिवेणी गाँउपालिका
गाँउपालिका जलस्रोत समिति
लुहाम, सल्यान

जलस्रोतको उपयोगको अनुमति-पत्र

अनुमति पत्र संख्या : मिति :

श्री ....
....

महाशय,
तपाईलाई जलस्रोत उपयोग गर्न पाउने गरी देहायका विवरण खोली यस मुहान दर्ता तथा जलस्रोत कार्यविधि २०७९ को दफा १५ बमोजिम यो अनुमति-पत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना :

२. जलस्रोत उपयोगको उद्देश्य :

३. जलस्रोतको नाम, किसिम र रहेको स्थान :

४. उपयोग गर्न पाउने जलस्रोतको परिणाम :

५. जलस्रोत उपयोग गर्ने क्षेत्र :

६. जलस्रोत उपयोग गर्ने तरिका :

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

८. अनुमति-पत्र वहाल रहने अवधि :

अनुमति-पत्रदिने अधिकारीको :

नाम, थर :

सहि :

CamScanner

अनुसूचि-७
(दफा १८ र १९ संग सम्बन्धित)

अनुमति-पत्र दस्तुर

जलस्रोत उपयोगको किसिम	दस्तुर
(क) खानेपानी र घरेलु उपयोग	रु.१०००।००
(ख) सिंचाई	रु.२०००।००
(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग	रु.१०००।००
(घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग	रु.२०००।००
(ङ) जल यातायात	रु.५०००।००
(च) आमोद प्रमोदजन्य उपयोग	रु.५०००।००
(छ) अन्य उपयोग	रु.५०००।००

नोट : नवीरकण वापत ५० प्रतिशत दस्तुर लाग्नेछ।

अनुसूचि-८
(दफा २१ संग सम्बन्धित)

जलस्रोत उपयोग वापत बुझाउन पर्ने वार्षिक शुल्क

१. सिंचाईको हकमा
(क) दुई हजार हेक्टरसम्मको जमिन सिंचाई गर्न प्रति हेक्टर रु. १ का दरले अधिकतम रु. १,०००।००
(ख) दुई हजारदेखि दस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु. २,०००।००
(ग) पाँच हजारदेखि दस हजार हेकटर सम्मको जमिन सिंचाई गर्न रु. ५,०००।००
(घ) दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु. १०,०००।००
(ङ) पन्ध्र हजार देखि बीस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु. १५,०००।००
(च) बीस हजार देखि पच्चीस हजार हेक्टर सम्मको जमिन सिंचाई गर्न रु. २०,०००।००
(छ) पच्चीस हजार हेक्टर भन्दा बढि जमिन सिंचाई गर्न रु. २५,०००।००

२. खानेपानीको हकमा
(क) दुई हजार सम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५००।००
(ख) दुई हजार देखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. २,०००।००
(ग) पाँच हजारदेखि दश हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु. ५,०००।००
(घ) दश हजार देखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खाने पानीको व्यवस्था गर्न रु. १०,०००।००
(ङ) पन्ध्र हजार देखि बीस हजारसम्मको खानेपानी व्यवस्था गर्न रु. १५,०००।००
(च) बीस हजार देखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. २०,०००।००
(छ) पच्चीस हजार भन्दा बढि सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु. २५,०००।००

३. कृषिजन्य उपभोगको लागि रु.२,०००।०० देखि रु.२०,०००।०० सम्म पानी प्रयोगको परिमाणको आधारमा।

४. घरेलु उद्योगको लागि रु.२,०००।०० देखि रु २०,०००।०० सम्म पानी प्रयोगको परिमाणको आधारमा।

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.५,०००।०० देखि रु. ५०,०००।०० सम्मको पानी प्रयोगको परिमाणको आधारमा।

CamScanner

६. आमोद प्रमोदजन्य प्रयोगका लागि रु.१,०००।०० देखि रु.१०,०००।०० सम्म वार्षिक कारोवारको आधारमा ।
७. अन्य प्रयोगको लागि रु.५,०००।०० देखि रु.१०,०००।०० सम्म वार्षिक कारोवारको आधारमा ।

आज्ञाले,
रामबहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner